


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २ गते बिहीबार ❑ 15 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुलुकको समृद्धिका लागि स्थिरता आवश्यक : प्रदेश प्रमुख शेरचन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले मुलुकको समृद्धिका लागि स्थिरता आवश्यक रहेको बताएका छन्।

भरतपोखरी विकास मञ्च, पोखरा-३३, भरतपोखरीको तेस्रो वार्षिक साधारणसभाको उद्घाटन गर्दै प्रदेश प्रमुख शेरचनले नयाँ वर्षमा मुलुकमा स्थिरता नआओस् भनी कामना समेत गरेका छन् । "भरसक कुनै पनि परिस्थितिबाट मुलुकमा अस्थिरता उत्पन्न नहोस्", उनले भने, "अस्थिरता भनेको वैदेशिक हस्तक्षेप निम्त्याउने साधन हो, स्थिरता नेपाललाई समृद्ध र सुखी बनाउने साधन हो ।" नेपाली जनताको आकांक्षा र भावनालाई सम्झिएर अघि बढ्न समेत उनले आह्वान गरेका छन् । नयाँ वर्ष विभाजित मनहरूको पुनर्मिलनको वर्ष बन्ने विश्वास व्यक्त गर्दै प्रदेश प्रमुख शेरचनले विकासका लागि सबैको एकता आवश्यक रहेको बताए ।



भ्रष्टाचार विकास र समृद्धिको बाधक रहेको भन्दै उहाँले विकासका लागि सबै एकताबद्ध हुनुपर्ने आवश्यकता औल्याए। पोखरा-३३ का वडाध्यक्ष शिवराज आचार्यले सरकारले अघि सारेका विकास आयोजना पूरा गर्न अवरोध हुने गरेको भन्दै जनताले विकासमा सहजीकरण गर्नुपर्नेमा जोड दिए । विकासका नाममा कसैको उठिबास नहोस् भन्नेतर्फ स्थानीय सरकार सचेत रहेको भन्दै उनले विकास आयोजना सफल बनाउन सहज वातावरण बनाउनु सबैको दायित्व भएको बताए । कार्यक्रममा नेकपा (एमाले) नेपाल-खनाल समूहको कास्की जिल्ला अध्यक्ष धनराज आचार्य, नेपाली कांग्रेस, कास्कीका क्षेत्रीय उपसभापति विजयराज आचार्य, सरस्वती टीका बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष काशीराज आचार्य, भरतपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष कृष्णप्रसाद अधिकारी, पूर्व गाविस अध्यक्ष यज्ञराज अधिकारीलगायतले भरतपोखरीको विकासको आवश्यकता बारे बोलेका थिए ।

मञ्चका अध्यक्ष डिल्लीराम बरालको अध्यक्षतामा भएको कार्यक्रममा मञ्चलाई सहयोग गर्ने सहयोगदाताहरूलाई सम्मान समेत गरिएको थियो । त्यस्तै, मञ्चले प्रकाशन गरेको नयाँ वर्ष २०७८ सालको भित्तेपात्रो विमोचन समेत गरिएको थियो ।

## मुख्यमन्त्री गुरुङद्वारा फुर्सेखोला चिसापानी मोटरेबल पुल उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

पोखरा महानगरपालिका वडा नं २२ चिसापानीस्थित फुर्सेखोलामा निर्माण गरिएको फुर्सेखोला चिसापानी मोटरेबल पुलको बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले उद्घाटन गरेका छन् ।

मुख्यमन्त्री गुरुङले गण्डकी प्रदेश सरकारले आफ्नै बजेटबाट वनाउन सबैभन्दा पहिला शिलान्यास गरेको पुलको सोचे भन्दा छिटो निर्माण सम्पन्न भएको वताएका थिए । प्रदेश सरकारले वाटो, पुल, खानेपानी, सिंचाई, कृषि लगाएतका क्षेत्रमा गर्नुपर्ने काम धेरै भएको तर श्रोत प्रयाप्त नहुदाँ सबै काम एकै पटक गर्न नसकीएको वताए ।



गण्डकी प्रदेश भौतिक योजना मन्त्री रामशरण बस्नेतले प्रदेश सरकार समग्र बिकास निर्माणका काममा लागेकोले बाटो, पुल, खानेपानी लगाएतका योजनाहरु सिलन्यास भन्दा धेरै उद्धाटन गरिरहेको बताए । उक्त क्षेत्रमा पक्की पुल निर्माण भएकोले अब बाटो बनाउन पनि वनाउन सरकार तिब्रताका साथ लाग्ने वताए ।

प्रदेश सांसद राजिब पहारीले प्रदेश सरकारले बिकास निर्माणका काममा वढि ध्यान दिएकोले दशौ बर्ष निर्माण हुन नसकेको काम ३ बर्ष पुरा गरेको बताउँदै ३ करोड ९८ लाखको लागतमा सो मोटरेबलपुलनिर्माणभएकोबताए। सांसद पहारीले दुई बर्ष भित्र काम सम्पन्न गरेकोमा निर्माणको जिम्मा लिएको निर्माण कम्पनीलाई धन्यवाद समेत दिएका थिए । साथै उनले उक्त बाटो सिद्धार्थ राजमार्गको बैकल्पिकको रुपमा पनि प्रयोग गर्न सकिने भएकोले बाटो संगै ग्रामीण भेगको बिकास तिब्रताका साथ हुने बिश्वास व्यक्त गरेका थिए ।

पोखरा २२ का अध्यक्ष मित्रलाल बरालले वडाको सबैभन्दा ठुलो समस्या पुल भएको र अब पुल निर्माण पछि कृषि ब्यबसायको उन्नति हुने बताए । उनले उक्त पुलले स्याङ्जा जिल्ला जोड्ने बताउँदै बाटोको स्तर उन्नति गर्नुपर्ने बताए।

पुल निर्माणको जिम्मा सिम्रन कन्स्ट्रक्सनल जेभी कम्पनीले लिएको थियो। पुलको लम्बाइ ३८ र चौडाई ७ मिटर रहेको कम्पनीका प्रोप्राइटर बलबहादुर रानाले बताए ।

सो अबसरमा बाटो तथा पुल निर्माणको लागि जग्गा दाताहरु टिकाराम बराल, सनत कुमार श्रेष्ठ, अजय गुरुङ तथा पुल निर्माणमा सहयोग गर्ने स्थानीय बासिन्दाहरुलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

फुर्सेखोला चिसापानी मोटरेबल पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष मीन बहादुर बास्तोला, केशबपौडेल लगाएतले पोखराको कुनो भएकोले उक्त क्षेत्र बिकासमा पछि परेको वताउँदै छिटोभन्दा छिटो बाटो पिच गर्नुपर्ने माग राखेका थिए ।

## प्रभावकारी बन्दै निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ (क) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका योजनाको निर्माण कार्यले तिब्रता पाएको छ । सो क्षेत्रका प्रदेश सभा सदस्य, प्राविधिक तथा उपभोक्ता समितिको सामुहिक प्रयासका कारण निर्माण कार्यले तिब्रता पाएको हो ।

गण्डकी प्रदेशका उपसभामुख सृजना शर्मा र प्रदेश सभा सदस्य कृष्णबहादुर थापाबाट संयुक्तरुपमा सञ्चालित दुई करोड रुपैयाका बिभिन्न २४ वटा योजना मध्ये ५० प्रतिशतको निर्माण कार्य सम्पन्न भई सकेको छ भने अन्य योजनाको निर्माण अन्तिम चरणमा पुगेका छ।



पोखरा महानगरपालिकाका ७, १५, १७, २१ र ३३ गरि कूल पाँच वटा वडा रहेको उक्त निर्वाचन क्षेत्र अन्तर्गत सवै भन्दा बढी सडक निर्माणमा ८७ लाख, सिंचाईतर्फ २५ लाख, भवन निर्माणमा ३० लाख, पार्क निर्माण १८ लाख रुपैया र बाँकी बिभिन्न विद्यालय एवम् सामुदायिक भवनमा शौचालय निर्माण, सुरक्षाका लागि तारजाली लगायतका योजना छनोट गरि रकम विनियोजन गरिएको थियो ।

उपसभामुख शर्मा, प्रदेश सभा सदस्य थापा, स्थानीय जनप्रतिनिधि, सञ्चारकर्मी सहितको एक टोलीले उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गरेको गरेको थियो ।

टोलीले पोखरा ७ स्थित सुन्दरमार्ग बाटो ढलान तथा ढल निर्माण,घारीपाटन बाटो निर्माण,गहते पार्क तारवार, श्रीकृष्ण माविमा भौतिक निर्माण, पोखरा १५ एस.ओ.एस बालग्राम बहुदेश्यीय भवन निर्माण,शिवमन्दीर देखि होटल फुलवारी जानेबाटोको निरीक्षण गरेको हो ।

त्यसैगरी वडा नं. १७ स्थित फेवाताल किनारास्थित डेमसाईड पार्क फेवाताल छेउ तारबार सहित फुडट्र्याक, ढुङ्गेसाँघु सितापाईला आमा समुह भवन, पोखरा २१ र ३३ का प्राथमिक स्वास्थ्यचौकी कृष्ति, संगमचोक महबारी ढलान बाटो, जिब्रे ढुङ्गा र मालागिरी सामुदायिक भवन लगायत १३ वटा योजनाको स्थलगत निरीक्षण गरि विकास निर्माणका वारेमा जानकारी लिएको हो ।

निरीक्षण पश्चात उपसभामुख श्रृजना शर्माले निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको सानो रकमले विकास निर्माणमा स्थानीयवासिन्दालाई उत्साहित तुल्याएको धारणा राखिन । टोल छिमेकका आवश्यकता पहिचान गरि छनोट गरिएका योजना बढी उपयोगी एवम् प्रभावकारी हुने उनको विश्वास छ ।

प्रदेश सभा सदस्य कृष्णबहादुर थापाले कार्यक्रमको दुई करोड रुपैयाले स्थानीय सहभागितामा पाँच करोड भन्दा बढीको विकास निर्माण कार्य भई रहेको बताए ।

## जनतालाई विकास दिने काम गर्दैछौँ : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले जनतालाई विकास दिने र विकासको बाटो देखाउने अभियानमा गण्डकी प्रदेश सरकार लागेको बताएका छन् ।

क्रियटिभ युथ क्लब तथा मध्यनेपाल नगरपालिका- ८ कार्यालय लमजुङद्वारा आयोजित करापुकोट डढुवा दुर्छा महोत्वस तथा ऐतिहासिक चैते दशैँ मेला-२०७८ को बुधबार उद्घाटन गर्नुहुँदै उहाँले सडक, खानेपानी, बिजुली, रोजगार तथा सीप लगायत क्षेत्रमा प्रदेश सरकारले सक्रियपूर्वक काम गरिरहेको बताए ।



मुख्यमन्त्री गुरुङले भने, "१४४ वटा मोटरेबल पुल निर्माण गर्ने,

बाँकी अन्तिम पृष्ठमा ▶▶




## अन्नपूर्ण गाउँपालिकामा नेकपा माओबादी केन्द्रको कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

कास्कीको अन्नपूर्ण गाउँपालिकामा नेकपा माओबादी केन्द्रको कार्यालय स्थापना गरिएको छ। अन्नपूर्ण गाउँपालिकामा बुधबार आयोजित एक समारोहका बिच प्रमुख अतिथी माओबादी केन्द्र प्रदेश सचिवालय सदस्य एवं गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) र बिशिष्ट अतिथि संघिय सांसद दुर्गा कुमारी बि.क.ले उक्त कार्यालयको उद्धाटन गरेका हुन्।

कार्यक्रममा बोल्दै सांसद बरालले माओबादी केन्द्रले आफ्नो शक्तिलाई दृणताका साथ विश्वासमा लियर अघि बढ्नु पर्ने बताए। राजनीतिक दाउ पेच मात्रै सवै



थोक नभएको उल्लेख गरेका संसाद बरालले मुख्य कुरा आफ्नो पार्टीको विश्वासको वातावरण सृजना गरी अघि बढ्नुपर्ने बताएका हुन्। उनले भने 'माओबादी पार्टी अब आफ्नो शत्तिमा भर पर्ने र आफ्नो शक्तिलाई विश्वासमा लियर राजनीतिक दाउ पेचको प्रकृयामा अघि बढ्नु पर्छ।'

सांसद बरालले वर्तमान सरकार राष्ट्रियता, राष्ट्र हित जनताको चहाना, कम्यूनिष्ट पार्टीको भावना विपरित कदम चाल्दै अघि बढेको आरोप लगाए। नैतिकताको आधारमा प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनु पर्ने उनको भनाई थियो। संघिय सांसद बि.क.ले प्रधानमन्त्री ओलीको कदमले देशलाई बर्बादिमा पर्न लागेको उल्लेख गर्दै राष्ट्रिय हित र संविधानको रक्षाको निम्ति राजनीतिक शक्ति एक भई अघि बढ्नुको विकल्प नभएको बताइन् । अन्नपूर्ण गाउँपालिका नेकपा माओबादी केन्द्रका अध्यक्ष धर्मबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्धाटन सत्रमा माओबादी केन्द्र पार्टीका जिल्ला सदस्यहरुमा दुर्गादत्त भण्डारी, गोविन्द प्रसाद अधिकारी, बिषेश जिल्ला सदस्यहरुमा ऋषिराम भण्डारी, इन्द्र प्रसाद भण्डारी, गाँउकमिटि सदस्य भेषराज पौडेल लगायतले वोलेका थिए।



कास्कीको तातोपानीमा पर्यटकहरु जान थालेः कास्कीको माछापुच्छ्रे गाउँपालिका सार्दीखोलाको तातोपानी कुण्डमा पछिल्लो समयमा आन्तरिक पर्यटकहरु कुण्डमा बस्न थालेका छन् । २०६९ वैशाख २३ गते आएको बिनाशकारी बाढीले ३१ जनाको मृत्यु र २८ जना बेपत्ता भएका थिए। तस्विरः पोखरापत्र

# कास्की हरियो यु-१९ दुई दिवसीय क्रिकेट सिरिज च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

यु-१९ दुईदिवसीय क्रिकेट सिरिजको उपाधि कास्की हरियोले जितेको छ। बुधबार भएको अन्तिम दिनको प्रतिस्पर्धामा कास्की निलोलाई १ विकेटले पराजित गर्दै उपाधि उचालेको हो।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित यु-१९ दुई दिवसीय क्रिकेट सिरिजमा कास्की हरियोले टस जित्दै कास्की निलोलाई व्याटिङको निम्तो दिएको थियो । कास्की निलो पहिलो इनिङमा ९० रनमै समेटियो। सोहेल कुँवरले सर्वाधिक २६ रन हिर्काए। निरन्जन यादवको नाममा भने २२ रन रह्यो । बलिङ तर्फ भने सगुन सापकोटाले ५ विकेट लिदाँ सुवास भण्डारीले पनि ३ विकेट आफनो नाममा लेखाए ।

कास्की हरियोले पहिलो इनिङमा १३४ रन बनाउँदै पहिलो इनिङ टुग्याएको थियो । ३४ रनको अग्रता लियो । निश्चत भुषालको १८, विपिन शाहीको





१७ र सुवास भण्डारीको १५ रनको योगदानमा कास्की हरियोले १३४ रन बनाउँदै इनिङमा ३४ रनको अग्रता लिएको थियो । नितेश गिरीको नाममा ५ विकेट लेखियो। कास्की निलोले दोस्रो इनिङ शुरु गर्दै १६० रन बनायो। मुष्कान थापाले अर्धशतकीय पारी खेले। उनले ७३ रनको ठोस इनिङ खेले। त्यस्तै किरण पौडेलले ३६ रन बनाए। सुवास भण्डारीले ५ विकेट लिदाँ सगुन सापकोटाको नाममा ४ विकेट लेखियो ।

कास्की हरियोले जितको लागि १२७ रनको लक्ष्य पाएको थियो । जितको लक्ष्यलाई हरियोले १ विकेट बाँकी छदाँ पुरा गर्दै च्याम्पियन बन्यो। सुदिप अर्यालले ३८ रन नटआउट हिर्काए । सुवास भण्डारीको नाममा २३ र सिब्रिन श्रेष्ठले १८ रनको योगदान दिएका थिए । दोस्रो इनिङमा नितेश गिरीले ३, निशान कुँवरले २ र किरण पौडेलले २ विकेट लिए ।

पोखरा क्रिकेट एकेडेमीको मुख्य प्रायोजन, कास्की क्रिकेट क्लबको व्यवस्थापनमा आयोजित प्रतियोगितामा उत्कृष्ट खेलाडी सुवास भण्डारी घोषित भए। बेष्ट व्याट्सम्यानको पुरस्कार गोविन विक घोषित हुदाँ बेष्ट बलर सुवास भण्डारीले पुरस्कार थापे । विजेता खेलाडीहरुलाई नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य ऋषिराम गौतम, गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवनसन प्रजु, कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बबिन कुँवर, कास्की क्रिकेट क्लबका अध्यक्ष सन्तोष श्रेष्ठ लगायतले पुरस्कार प्रदान गरेका थिए ।

दुईदिवसीय क्रिकेट सिरिजको लागि गण्डकी प्रदेशका कास्की, नवलपुर, तनहुँ, बाग्लुङ र स्याङजाका ६५ जना खेलाडीबाट छनोट गरी तीन टिम तयार गरिएको थियो । पोखराको क्रिकेट इतिहासमा दुई दिवसीय क्रिकेट सिरिज पहिलो पटक आयोजना गरिएको हो ।

# हाइकर्स क्लबको भाग १८ धम्पुसदेखि अस्तामसम्म

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ कास्की जिल्ला भित्र तथा छिमेकी जिल्लाका ग्रामिण वस्तीहरुको प्रबर्द्धन गर्दै आएको हाईकर्स क्लब नेपालले आफ्नो १८ औं श्रृङ्खला पर्यटकीय गाउँ धम्पुसबाट सुरु गरेर, हेम्जाकाृट, धिताल, अस्ताम हुँदै हेम्जामा पुगेर समापन गरेको छ ।

अन्नपूर्ण इको भिलेजका संचालक विश्वराज अधिकारीले हाइकिङ समुहलाई स्वागत गर्दै हाइकिङको माध्यमबाट स्वास्थ्य र पर्यटनको विकास हुने वताउँदै आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्ने वताए । पदमार्गको पहिचान, लोपोन्मुख पदमार्गहरुको संरक्षण स्थानिय निकायले गर्नुपर्छ भन्ने सन्देश बोकेर प्राचिन वाटाहरुमा पैदल हिड्दै गाउँगाउँ घुम्न जानु नै हाइकिङको अर्को उध्येश्य पनि रहेको क्लबका सदस्य तथा ट्रेकिङ





गाइड सुन्दर त्रिपाठीले वताए ।

हाइकिङमा पहिलो पटक सहभागी भएका हिमालय आँखा अस्पतालका शालिकरामभण्डारीलेअत्यन्तैरमाइलो भएकोले हरेक हाइकिङमा सहभागी हुने प्रतिवद्धता व्यक्त गरेका थिए।

समयमिलेसम्मप्रायः हाइकीङमा सहभागी हुने एसओएस भोकेसनल ट्रेनिङ सेन्टरका मोहन खत्रीले पनि हाईकीङले स्वास्थ्य र पर्यटनको विकासमा टेवा पुग्ने वताउँछन् ।

विद्यार्थी, शिक्षक, व्यवसायी तथा गृहणी सबैलाई हाइकिङले समेटेकोले १० वर्षदेखि ५० वर्षसम्म उमेरका १५० जना भन्दाबढि हाइकिङमा सहभागी भइ सकेका छन् । विगत २ वर्षदेखि निरन्तर हरेक महिनाको अन्तिम शनिबार हाइकिङ कार्यक्रम हुँदै आएको छ। क्लबले आफ्नो पहिचान वनाइ सकेकोले हाइकिङमा सहभागीको लागि ज्याकेट वनाई सकिएको छ भने छिट्टै सम्बन्धित निकायमा दर्ता पनि गर्ने योजना रहेको क्लबका अध्यक्ष प्रविण तुलाचनले वताए ।

# लगानी गर्न विश्वरभरका नेपालीलाई प्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, १ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वरभरका गैर आवासीय नेपालीलाई नेपालमा लगानी गर्न आग्रह गर्नुभएको छ।

नयाँ वर्ष २०७८ का अवसरमा आज प्रधानमन्त्री निवास बालुवाटारबाट विभिन्न देशमा रहेका नेपालीलाई जुममार्फत सम्बोधन गर्दै उहाँले नेपालमा शान्तिपूर्ण र अनुकूल व्यावसायिक वातावरणको सदुपयोग गर्दै वैदेशिक लगानी प्रोत्साहित गर्न र आफैँले समेत नेपालमै लगानी गर्न विश्वरभरका गैर आवासीय नेपालीलाई आग्रह गर्नुभएको हो प्रधानमन्त्री ओलीले ठूला आयोजनाका लागि संयुक्त लगानी नेपालमा नै गर्नु उपयोगी हुने सन्देश विदेशीसम्म पुऱ्याउनसमेत आग्रह गर्नुभयो। "नेपालमा मजदूर र रोजगारदाता मिलेर समस्या सम्बोधन गरिन्छ, हडताल हुने अवस्था छैन भन्ने सन्देश आफू रहेको देशका लगानीकर्तालाई पुऱ्याइ दिनुहोस्", उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले गैरआवासीय नेपालीले राजनीतिक अधिकारबाहेक सबै हक अधिकार समान ढङ्गले पाउनेसमेत बताउनुभयो। "तपाईहरुले विदेशको नागरिकता लिनुभएको छैन भने स्वदेशमा राजनीतिक अधिकारसमेत पाइन्छ", उहाँले भन्नुभयो। उहाँले आफू बसेको देश वा जन्मभूमि नेपालमध्ये कहाँको नागरिकता लिने भन्नेमा छनोट गर्ने अधिकार सम्बन्धित व्यक्तिकै रहेको धारणा राख्नुभयो।

प्रधानमन्त्री ओलीले नेपाली जनता देशभित्र वा बाहिर जहाँ भए पनि सरकारले फरक भावनाले नहेर्ने बताउनुभयो । "वर्तमान सरकार नेपाली डायस्पोराप्रति अत्यन्त प्रेमभाव र सहयोगी भाव राख्दछ तथा नेपाली हुनुको गौरव कायम रहोस् भन्ने चाहन्छ", उहाँले भन्नुभयो।

# थप ६०३ जनामा कोरोना भाइरस संक्रमण

**रासस**
**काठमाडौं, १ बैशाख**

पछिल्लो २४ घण्टामा थप ६०३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ८१ हजार ५८७ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर गरिएको चार हजार २८९ पीसिआर परीक्षणबाट ५८० र ४५१ एन्टिजेन परीक्षणबाट २३ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । नेपालमा हालसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २२ लाख ३६ हजार ५२६ पुगेको छ। हाल ४८ जना क्वारेन्टिनमा रहेको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए। हाल देशभर चार हजार ५६ सक्रिय सङ्क्रमित रहेका छन् । यीमध्ये ४५७ जना संस्थागत आइसोलेशनमा तथा तीन हजार ५९९ होम आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा देशभर १२९ सङ्क्रमित उपचारपछि निको भएर घर फर्किएका छन्। पछिल्लो समय नेपालमा कोरोना भाइरस सङ्क्रमणबाट तीन जनाको मृत्यु भएको छ । हालसम्म कोरोना भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या तीन हजार ६१ पुगेको मन्त्रालयले जनाएको छ।

# 'मेयर साइकल दौड'को उपाधि वालिङका मेयर खाँडलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

पोखरा महानगरपालिकाको आयोजनामा नयाँ वर्ष- २०७८ को अवसरमा बुधबार पोखरामा सम्पन्न 'मेयर साइकल दौड' प्रतियोगितामा स्याङ्जाको वालिङ नगरपालिकाका प्रमुख दिलीपविक्रम खाँडले प्रथम स्थान हासिल गरेका छन् ।

पोखराको पर्यटकीय क्षेत्र हल्लनचोकबाट शुरु भएको चार किमी निर्धारित दौडको दूरी १५ मिनेट ३१ सेकेण्डमा पूरा गर्दै खाँडले उपाधिसहित १० तोला चाँदीको पदक जित्न सफल भए ।

यसैगरी हुम्ला जिल्लाको नाम्खा गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर लामाले निर्धारित दूरी १५ मिनेट ८८ सेकेण्डमा पार गरी द्धितीय र कास्कीको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङले १६ मिनेट ४८ सेकेण्डमा दूरी पार गरी तृतीय बन्न सफल भए ।

द्धितीय र तृतीयले क्रमशः आठ र सात तोला चाँदीको पदक पुरस्कार स्वरुप प्राप्त गरेका थिए । विजयी खेलाडीलाई महानगर प्रमुख मानबहादुर जिसीले पुरस्कार प्रदान गरेका थिए । हल्लनचोकबाट शुरु भएको दौड बाराही चोक-राष्ट्र बैंक-सिर्जना चोक-सभागृह चोक हुँदै सभागृह हल परिसरमापुगेरसमापनगरिएकोथियो।

बढ्दो सवारी साधनको चापले निम्त्याउने प्रदूषण न्यूनीकरणका लागि साइकल चढ्न अभिप्रेरित गर्ने उद्देश्यले महानगरले स्थानीय तहका प्रमुखलाई आमन्त्रण गरेर सो दौड प्रतियोगिता आयोजना गरिएको प्रमुख जिसीले बताए । पोखरामा तालदेखि ताल जोड्ने गरी ८४ किलोमिटर साइकल ट्याक निर्माणको योजनाअनुसार आवश्यक पूर्वाधार निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको उनले जानकारी दिए। महानगरले जिल्ला साइक्लिङ सङ्घ, साइकल सिटी पोखरा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घसँगको सहकार्यमा 'वातावरण जोगाऔं, स्वस्थ रहौं'को नारासहित आयोजना गरेको दौडमा नौ जनाले सहभागिता जनाएका थिए ।

महानगरले दौडको अवसरमा गत वर्ष नेपालमा सम्पन्न १३ औं दक्षिण एशियाली खेलकूद (साग)मा साइक्लिङ प्रतिस्पर्धा (डाउनहिल) तर्फ रजत पदक विजेता पोखरेली खेलाडी जमूना थापालाई नगद रु एक लाखसहित सम्मान गरिएको साइकल दौडका संयोजक एवं वडा नं १३ का वडाध्यक्ष दर्शन लामाले जानकारी दिए ।

## जनतालाई ...

प्रत्येक पालिकाको केन्द्रसम्म पुग्ने आठ मिटर फराकिलो बाटो ४०/५० वर्षसम्म टिक्ने गरी बनाउने, पाँच लाख ७८ हजार घरधुरीमै धारा र बिजुली पुऱ्याउने अभियानमा प्रदेश सरकार लागिपरेको छ।" जनतालाई विकासको बाटो देखाउनका लागिसमेत विभिन्न अभियान तथा कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ छ ।

मुख्यमन्त्री गुरुङले मुलुकको विकास र समृद्धिका लागि सङ्घीय शासन प्रणाली महत्वपूर्ण रहेको उल्लेख गर्दै विगतका भन्दा सस्तो र गाउँघरमै सेवा सुविधा पुऱ्याउने भएकाले यो शासन प्रणालीलाई सबैले सकारात्मक रुपमा लिनुपर्नेआवश्यकतामाथिजोडदिए।

'राष्ट्र विकासमा युवाको प्रतिबद्धता-लगनशील, सिर्जनशील सहभागिता' भन्ने मूल नाराका साथ आयोजित यो महोत्सव पाँच दिनसम्म सञ्चालन हुनेछ । संस्कृतिको जर्गेना, आर्थिक स्तर उकास्न, समृद्धि र पर्यटकीयस्थल बनाउने लक्ष्यका साथ महोत्सव आयोजना गरिएको सो नगरपालिका-८ का वडाध्यक्ष अर्मित तामाङले बताए।

उनका अनुसार यस महोत्सवमा मुख्य आकर्षणका रुपमा राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, स्थानीय झाँकी प्रदर्शनी, राष्ट्रव्यापी सेभेन साइजको फुटबल प्रतियोगिता, छेलो प्रतियोगिता, स्थानीय कृषि प्रदर्शनी रहेका छन् ।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सहिद र योद्धाको सम्मान

सहिद र 'आन्दोलनका योद्धामाथि सधैं राजनीति हुने गरेको छ । सत्तामा हुँदा र नहुँदा फरक मान्यता राखेका कारण सहिद र आन्दोलनका योद्धाको सम्मान हुन सकेको छैन । सहिद, आन्दोलनका योद्धा र घाइते सत्ताको भर्याङ हुँदै आएका छन । सत्ता ढलपल हुन थालेपछि 'जनआन्दोलनका योद्धा सम्मान' कार्यक्रमको प्रारम्भ गरिएको छ । नयाँ वर्ष २०७८ को शुरुआतसँगै प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रका लागि बलिदान दिने र जीवन आहुति दिन तयार हुने लोकतान्त्रिक योद्दालाई सम्मान गरेर उक्त कार्यक्रम शुरुआत गरेका छन । सहिद र आन्दोलनका योद्धालाई नयाँ वर्षम संभने नयाँ सिलसिलाको प्रारम्भ भएको छ । सत्ता जोगाउन होस या सत्ता छोड्नुपर्ने बेला होस सम्मान गर्नु सकारात्मक पहल हो ।

विभिन्न आन्दोलनमा योगदान दिने व्यक्तिलाई खोजी-खोजी तथ्यका आधारमा सरकारले उचित सम्मान दिने र उक्त अभियान निरन्तर अघि बढाइने भएको छ। बलिदानपूर्ण संघर्षको इतिहासलाई सरकारले बिर्सन हुदैन भन्ने सन्देश पनि हो । 'इतिहासप्रति, अग्रजले गरेका बलिदानप्रति कृतघ्न हुन सकिदैन भन्ने प्रधानमन्त्री केपी ओलीको भनाइलाई गम्भीरतापूर्वक लिनुपर्छ । अझै पनि शहीद परिवारका सामाजिक सुरक्षा रोजगारी, बालबालिकाको शिक्षा, घाइते, असक्तताका भएकाको जनजीविकाका विषयलाई सम्बोधन गर्न गर्न बाँकी छ। गोली र छर्रा शरीरमा भएका र उपचारको आवश्यकता भएका योद्धा छन । त्यस्तो स्थितिमा रहेकालाई सरकारले ध्यान दिनुपर्छ । पहिलो चरणमा कूल ३८१ लाई लोकतान्त्रिक योद्धा सम्मान गरिएको छ । त्यसमा १७६ बहिर्गमित लडाकुसहित दुई जनआन्दोलनका शहीद, १८ सशस्त्र संघर्षका शहीद, ४७ सेनातर्फका शहीद, ४१ प्रहरीतर्फका शहीद, सशस्त्र प्रहरीतर्फ १६, राष्ट्रिय अनुसन्धानतर्फ तीन र मधेश आन्दोलनका २० शहीद परिवारलाई सम्मान गरिएको छ।

अन्य सम्मान प्राप्त गर्नेमा विभिन्न आन्दोलनमा सहभागी भएर घाइते/अपाङ्गता भएका रहेका छन । जिउँदा शहीदका रुपमा परिचित काभ्रेका मुकेश कायस्थको घरमै भएको सम्मान समारोह प्रधानमन्त्री ओलीले भर्चुअलबाट अवलोकन गरेका थिए। आन्दोलनको टुप्पोमा बसेर दुःखकष्ट नगरी विदेशमा बसेर आन्दोलनको नेतृत्व गरेको भन्नेले बेहाल भइरहेकाको वास्ता गर्न नसक्ने प्रधानमन्त्री ओलीको आरोपमा केही अंश सत्य छ । आन्दोलनमा कहिल्यै पिटाइ खाएको छैन, जेल गएको छैन, भोकै बस्नुपरेको छैन, क्रान्तिकारी कुरा गरेको छ, अरुलाई भट्काएको छ, होमिदिएको छ, त्यस्ता मान्छेले यो पीडा बुझ्दैनन् । जस्ले दुख पाएको छ, पीडा भोगेको छ उसले नै पीडित र दुख भोग्नेलाई न्याय दिन सक्छ।

चौध/पन्ध्र वर्षसम्म जेल बस्दा कस्तो हुन्छ भोगेका ती पीडा बुझेकै हुनाले आँशुको महत्व के छ, यातना र दमन कस्तो हुन्छ भन्ने प्रधानमन्त्री ओलीलाई थाहा छ। शहीदको बलिदान र घाइतेको त्यागबाट मुलुकले एउटा नयाँ संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको तर जसले बलिदान दिए तिनका परिवारलाई प्राप्त नहुने अवस्था हटाउनु पर्छ । विद्रोही, सुरक्षाकर्मी वा आम नागरिक जतासुकैबाट भए पनि बलिदान दिन बाध्य जोसुकै देशका लागि आदरणीय र अमर रहेका सम्मानका हकदार र सम्मान योग्य हुन।

# नयाँ वर्षमा नयाँ घर पाउँदै बिहुँ काउलेका दलित समुदाय

– खेमराज गौतम
बागलुङ, १ बैशाख

विसं २०७२ को नयाँ वर्षदेखि राम्रोसँग निदाउन नपाएका बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-५ काउलेका धनमया दर्जी विसं २०७८ को नयाँ वर्षमा नयाँ घरमा प्रवेश गर्दै हुनुहुन्छ । दर्जीसँगै १० विस्थापित परिवारले नयाँ वर्षदेखि नयाँ घरमा ढुक्कले सुत्न पाउनेछन् ।

भूकम्पले चर्काएको घरमा जेनतेन बस्दै आएका काउलेका १० घर परिवार विसं २०७५ असारदेखि पूर्णरूपमा विस्थापित भएका थिए । "भूकम्पले घरहरू चर्काएको थियो, नयाँ वर्षकै महिनामा घरमा बस्ने अवस्था थिएन, जेनतेन मर्मतसम्भार गरी बस्दै आएका थियौँ", अर्का पीडित भविलाल दर्जीले भन्नुभयो, "कहिलेकाहीँ त अब नयाँ घर पाउने आशा समेत मार्दै आएका थियौँ, अहिले नयाँ घर ठडियो, नयाँ वर्षमा घर छाडेका हामीले नयाँ वर्षको आगमनसँगै सर्न पाउनेछौँ ।" भूकम्प र पहिरोका कारण विस्थापित बनेका बिहुँ काउलेका १० दलित समुदायले नयाँ वर्षमा नयाँ घर पाउने भएका छन् । भूकम्प गएको छ वर्षपछि बिहुँ काउँलेका दलित बस्तीका लागि एकीकृत नमूना बस्ती निर्माण अन्तिम चरणमा पुगेको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले जनाएको छ । भूकम्प गएको पाँच वर्षपछि गत पुसदेखि एकीकृत बस्ती निर्माण शुरु गरेको थियो । विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पका कारण क्षति पुर्‍याएको बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-५ काउलेका १० दलित परिवारको त्यसपछि आएको पहिरोका कारण बस्ती नै विस्थापित हुनुपरेको थियो । भूकम्पले क्षति पुर्‍याएर चिरा पारेको उक्त बस्तीमा विसं २०७५ असार १२ गतेको भीषण वर्षाले जमिन भासिएपछि स्थानीय १० घरधुरीका बासिन्दा विस्थापित भएका थिए ।

बिहुँकै सापकोटा चोकमा एकीकृत बस्ती ठडिएको छ भने पूर्वाधार निर्माणको काम शुरु हुन थालेको छ । अहिले घरहरूको निर्माण सम्पन्न हुने चरणमा छ । हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ बागलुङका प्रमुख रेणुका पाण्डेयले जानकारी दिनुभयो । उहाँका अनुसार ढिलै भए पनि काउँलेका स्थानीयवासीले नयाँ वर्षलगत्तै घर पाउने गरी निर्माणले अन्तिम रूप लिएको बताउनुभयो । यद्यपि एकीकृत बस्तीमा पूर्वाधार निर्माण नभएसम्म हस्तान्तरणको काम भने नहुने पाण्डेयको भनाइ छ । विसं २०७५ वैशाखमा भूकम्प पीडितका लागि एकीकृत बस्ती निर्माण गर्नका लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइले संयुक्त लालपुर्जा वितरण गरेको थियो । जग्गा खरिदका लागि प्रतिपीडित परिवार रु दुई लाख रकम दिइएको थियो । जग्गा खरिदमा प्रतिपरिवार रु दुई लाख, एकीकृत बस्ती निर्माण गर्न प्रतिपरिवार रु तीन लाख र पूर्वाधार निर्माणका लागि प्रतिपरिवार रु चार लाख गरी एकीकृत बस्ती निर्माण सम्पन्न गर्नका लागि प्राधिकरणले जम्मा रु ९० लाख खर्च गर्ने राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइका प्रमुख पाण्डेयले जानकारी दिनुभयो । उहाँले पछिल्लो समय बागलुङमा पुनःनिर्माण प्राधिकरणले गति लिएको बताउनुभयो ।

भूकम्पपीडितको घर अन्तिम चरणमा पुगेर अब पूर्वाधारको काम शुरु गर्न थालिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (भवन)का इञ्जिनीयर विक्रम सापकोटा बताउनुहुन्छ । "अहिले ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति यो बस्तीको भएको छ, बस्तीमा पूर्वाधारको काम बल्ल शुरु हुँदैछ तर छिट्टै घर निर्माण भएर आफ्नै घरमा बस्न पाउने छन्", सापकोटाले भन्नुभयो, "वैशाख महिनभर घर निर्माण सक्ने लक्ष्य छ, हस्तान्तरणको काम भने सबै पूर्वाधार निर्माणपछि मात्रै हुन्छ ।"

विस्थापित परिवारलाई लालपुर्जा वितरण गरेको एक वर्षपछि घर निर्माण थालिएको थियो । घर निर्माण थालेको पाँच महिनापछि निर्माणले अन्तिम रूप लिन थालेपछि विस्थापित परिवारमा खुशीयाली छाउन थालेको छ । घर सम्पन्न भइसकेपछि सम्बन्धित परिवारको नाममा लालपुर्जा कित्ताकाट गरिनेछ । एकीकृत बस्तीमा घरसँगै सडक, विद्युत्, खानेपानी, सार्वजनिक शौचालय, सार्वजनिक भवनलगायतका पूर्वाधारसमेत निर्माण गरिनेछ । बस्ती निर्माणस्थलमा सडक नपुगेका कारण निर्माण सामग्री बोक्न समस्या भएका कारण निर्माणमा समेत ढिलाइ भएको थियो । भूकम्पमा चिरा परेको स्थान छाडेर अन्यत्रै स्थानीयवासीको घरमा आश्रय लिएर बसेका १० दलित परिवारले नयाँ वर्षमा नयाँ घर पाउने भएका हुन् । बस्ती तल र माथिबाट पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माण भएको र भूकम्पले जमिन चर्काएको स्थानमा बाढी पसेर बस्ती जोखिममा परेको भूर्गभ विभागको ठहरपश्चात अन्यत्रै एकीकृत बस्ती निर्माण गर्ने सुझावअनुसार प्राधिकरणले बस्ती निर्माण थालेपछि ढिलोगरी बस्ती निर्माण शुरु भएको थियो । अहिले पूर्वाधार निर्माणका लागि समेत सम्झौता भएको र अब काम शुरु हुने प्राधिकरणले जनाएको छ ।

# कोदो, मकै छोडेर किवी खेतीतर्फ

–तारानाथ आचार्य
बलेवा, १ बैशाख

जङ्गल छेवैको पाखोबारी ! वर्षमा एकपटक आलु, मकै र कोदो उब्जिन्थ्यो । तीन महिना मरिमेटी काम गर्दा वर्षदिन कठिनले खान पुग्ने । लगाएको खेतीको उब्जनीभन्दा खर्च धेरै । सम्पूर्ण परिवारले मरिमेटी गर्दा समेत खेतीपातीले घर खर्च चलाउन कठिन हुँदा किसानमा अर्को व्यवसायतर्फ कुनै सोच पलाएको थिएन ।

म्याग्दीको मालिका गाउँपालिका-२ का मोहनबहादुर पुनले जान्ने भएको बेलादेखि नै आफ्नो बारीमा कोदो, मकै र आलुबाहेक केही लगाउनुभएको छैन । पहिले बाउबाजेले लगाउँदा देखेकै आधारमा आफूले जान्ने भएपछि पनि त्यही खेती गर्नुभयो । पछिल्लो समय व्यावसायिक खेतीको प्रचलन बढेपछि पुनले पनि आफ्नो बारीमा लगाउने खेती फेर्नुभएको छ। वर्षभरि खान पुग्ने र घर खर्च चलाउन विक्रीसमेत गर्न मिल्ने गरी उहाँले फलफूल खेती थाल्नुभएको छ । बयालिस वर्षीय पुनले मालिकामा रहेको १९ रोपनी पाखोबारी र खेतमा समेत किवीखेती शुरु गर्नुभएको छ । परम्परागत खेती परिवर्तन गरेका पुनले किवीबाट राम्रो आम्दानी हुन थालेपछि निकै हौसिनु भएको छ । विसं २०७४ मा रु ८० हजार लगानी गरेर उहाँले किवीखेती थाल्नुभएको हो । पहिलो वर्ष रु २१ हजार आम्दानी गर्नुभएका पुनले अहिले लाखौँ कमाउन थाल्नुभएको छ । "कोदो, आलु र मकैबाट खान मात्रै मुस्किलले पुग्थ्यो, अहिले सबै खर्च चलाउने पैसा किवीले कमाउँछ" उहाँले भन्नुभयो । पुनले गाउँमा नै पहिलोपटक किवीखेती शुरु गर्नुभएको हो । अहिले पुनको बारीमा झण्डै २०० किवीका बोट छन् । आम्दानीको राम्रो स्रोत देखेपछि पुनले किवी खेतीलाई नै व्यावसायिक बनाउने सोच बनाएको बताउनुभयो । एउटा किवीको बयस्क बिरुवाले राम्रो उब्जाउ दिँदा २० हजार बढीको दाना फल्छ । किवीको बजार मूल्यसमेत राम्रो रहेकाले उहाँले बर्सेनि लाखौँ आम्दानी हुने गरेको छ । किवीखेतीप्रति गाउँका अरु किसानले समेत उत्साह देखाएको उहाँले सुनाउनुभयो । किवीखेतीका लागि चालु आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रले पुनलाई रु तीन लाख अनुदान दिएको छ । उहाँले गाउँमा किवीसँगै टनेलमा गोलभेंडा खेती गर्ने गरेका छन् । "हामीले हाम्रो माटो सिञ्चिन नजानेकाले आम्दानी नभएको रहेछ" उहाँले भन्नुभयो "खेती प्रणालीमा परिवर्तन गर्दा राम्रो कमाउन सकिँदो रहेछ भन्ने बुझेको छु ।" किवीखेतीका लागि गाउँपालिका र कृषि ज्ञान केन्द्रले प्राविधिक सहयोग गरेकाले उहाँलाई सजिलो भएको हो । म्याग्दीको अधिकांश भू-भागमा किवीको खेती राम्रो हुने कृषि विज्ञहरु बताउँछन् । समयमा बिरुवा पाउने र उचित सल्लाह पाउने किसानले यहाँ किवीको व्यावसायिक खेती गर्न सकिने बताउँछन् ।

# शिक्षकलाई तलब खुवाउन आर्थिक संकलन

पोखरापत्र संवाददाता
गोरखा, १ बैशाख

गोरखाको शहीद लखन गाउँपालिका-७ बुङकोटस्थित श्रीचण्डिका आधारभूत विद्यालयमा शिक्षकलाई तलब खुवाउन करीब रु पाँच लाख आर्थिक सहयोग सङ्कलन गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि निजी स्रोतबाट नै शिक्षक नियुक्ती गर्नुपर्ने भएपछि आर्थिक सहयोग सङ्लन शुरु गरिएको वडाध्यक्ष शरण श्रेष्ठले जानकारी दिनुभयो । निजी स्रोतमा शिक्षक नराखी नहुने अवस्था भए पनि तलब खुवाउनका लागि आर्थिक अभाव हुने भएपछि आर्थिक स्रोत जुटाउन थालिएको उहाँको भनाइ छ । "विद्यालयको दरबन्दी कटौती हुँदै जाँदा कक्षा सञ्चालनमा कठिनाइ भइरहेको छ, निजी स्रोतको शिक्षक राख्न विद्यालयसँग आफ्नै स्रोत छैन", उहाँले भन्नुभयो, "आर्थिक सङ्कलन गरेरै भए पनि शिक्षक राख्नुपर्‍यो भनेर अभियान शुरु गरिएको हो ।" अभियान शुरु गरेको पहिलो दिनमा रु चार लाख ९४ हजार ५४० सहयोग प्राप्त भएको वडाध्यक्ष श्रेष्ठको भनाइ छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवं सदस्य, विद्यालयका शिक्षक, समाजसेवी, भूतपूर्व विद्यार्थी, कर्मचारीलगायतबाट आर्थिक सहयोग प्राप्त भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनबहादुर विकले जानकारी दिनुभयो । प्राप्त भएको रकम सोझै विद्यालयको खातामा जम्मा गर्ने व्यवस्था गरिएको उहाँको भनाइ छ । "अहिलेसम्म अधिकतम रु २८ हजारदेखि न्यूनतम पाँच हजारसम्म स्वेच्छाले आर्थिक सहयोग प्राप्त भएको हो", वडाध्यक्ष श्रेष्ठले भन्नुभयो, "थप आर्थिक सहयोग गर्ने प्रतिबद्धता आइरहेको छ। विद्यार्थी सङ्ख्याअनुसार विद्यालयमा शिक्षक नहुँदा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न नसकिएको भन्दै विद्यालयले निजी स्रोतमा भने पनि शिक्षक राख्ने तयारी गरेको उहाँले बताउनुभयो ।

# जोन्सन एन्ड जोन्सनको कोभिड खोपमा पनि समस्या

रासस
काठमाडौं, १ बैशाख

अमेरिकी स्वास्थ्य नियामक निकायले जोन्सन एन्ड जोन्सन कम्पनीले विकास गरेको कोभिड-१९ विरुद्धको खोप लगाउन तत्काल रोक लगाउने निर्णय गरेको छ । एक डोज मात्र लगाए हुने यो खोप लगाएका व्यक्तिमा रगत जम्ने समस्या देखिन सक्ने अमेरिकी अधिकारीहरुको भनाइ छ ।

अमेरिकी अधिकारीको भनाइ सार्वजनिक भएलगत्तै जोन्सन कम्पनीले युरोपेली मुलुकमा वितरण गर्न तयार पारिएको खोप पनि हाललाई रोकिएको जनाएको छ । अमेरिकामा झण्डै ७० लाखले यो खोप लिइसकेका छन् । तीमध्ये १८ देखि ४८ वर्ष उमेर समूहका छ जना महिलाको मस्तिष्कमा रगत जम्ने समस्या देखिएको अधिकारीको भनाइ छ । अमेरिकी अधिकारीका अनुसार रगत जम्ने समस्या देखिएकामध्ये एक जनाको मृत्यु भएको छ भने अर्का एकको अवस्था निकै जटिल छ । अमेरिकी खाद्य तथा औषधि प्रशासनका वैज्ञानिक पिटर मार्क्सले युरोपमा अस्ट्राजेनिकाको खोप लगाएका व्यक्तिकै जस्तो रगत जम्ने समस्या जोन्सन एन्ड जोन्सनको खोपमा देखिएको बताउनुभयो । खोप लगाएका व्यक्तिको शरीरमा विकास भएको रोगप्रतिरोधी प्रणालीसँगै जोडिएको गडबडी भएको पनि उहाँको भनाइ छ । जोन्सन एन्ड जोन्सनले युरोपमा खोप अभियान स्थगन गर्ने र थप अनुसन्धान गरिने बताएको छ । विगत तीन साताको अवधिमा खोप लगाएका व्यक्तिमा कुनै स्वास्थ्य समस्या देखिए नदेखिएका बारेमा आफ्ना चिकित्सकसँग परामर्श गर्न अमेरिकी अधिकारीहरुले आग्रह गरेका छन् । खासगरी बेस्सरी टाउको दुःख्ने, पेट दुःख्ने, खुट्टा दुःख्ने वा श्वास फेर्न कठिन हुने समस्या देखिए चिकित्सकसँग परामर्श गर्न भनिएको छ । ह्वाइट हाउसले जोन्सन एन्ड जोन्सनका कारण अमेरिकी खोप अभियानमा असर नपर्ने विश्वास व्यक्त गरेको छ । यहाँ झण्डै आधा वयस्क व्यक्तिले कम्तीमा एक डोज खोप लिइसकेका छन् ।

# बङ्लादेशमा एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरैको मृत्यु

रासस
काठमाडौं, १ बैशाख

कोरोना भाइरसको महामारी फैलिइरहेको बङ्लादेशमा बुधबार एकैदिन अहिलेसम्मकै सवैभन्दा धेरैको मृत्यु भएको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार कोरोनाका कारण बङ्लादेशमा एकैदिनमा ९६ जनाको मृत्यु भएको हो । योसँगै बङ्लादेशमा कोरोनाका कारण मृत्यु भएकाहरुको कुल सङ्ख्या नौ हजार ९८७ पुगेको अधिकारीहरुले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ।

बङ्लादेशमा एकैदिनमा सवैभन्दा धेरै सङ्क्रमित भने यही अप्रिल ७ मा भएका थिए । त्यो दिन सात हजार ६२६ जना सङ्क्रमित भएका थिए। स्वास्थ्य सेवा महानिर्देशनालयले पछिल्लो २४ घण्टामा पाँच हजार १८५ जनामा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको जनाएको छ। बङ्लादेशमा कोरोना भाइरसबाट अहिलेसम्म सङ्क्रमितहरुको कुल सङ्ख्या सात लाख तीन हजार १७० पुगेको पनि अधिकारीहरुले जनाएका छन् । पछिल्लो २४ घण्टामा बङ्लादेशमा २४ हजार ८२५ जनाको कोरोना परीक्षण गरिएको छ।

कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेकाहरुको सङ्ख्या पाँच लाख ९१ हजार २९९ पुगेको तथ्याङ्क छ।

# वैशाख ११ गते धरहरा टावरको उद्घाटन गरिने

रासस
काठमाडौं, १ बैशाख

ऐतिहासिक धरहरा टावरको पुनःनिर्माण कार्य अन्तिम चरणमा पुगेकाले यही वैशाख ११ गते उद्घाटन गरिने भएको छ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने गरी तयारी भएको जानकारी दिनुभयो। विसं २०७२ को विनाशकारी भूकम्पबाट धरहरालगायत ऐतिहासिक सम्पदा ध्वस्त भएका थिए।

पुनःनिर्माणका अधिकांश कार्य सम्पन्न भएसँगै प्राधिकरणले विपद् जोखिममुक्त नेपाल निर्माणको १० वर्षे महाअभियानका लागि कार्यक्रम तयार गर्ने भएको छ। प्रधानमन्त्री एवं प्राधिकरणको निर्देशक समितिका अध्यक्ष ओलीको अध्यक्षतामा मङ्गलबार बसेको निर्देशक समितिको १८औँ बैठकले सोसम्बन्धी कार्यक्रमको प्रस्ताव तयार पारी आगामी आर्थिक वर्षदेखि महाअभियान शुरु गर्ने निर्णय गरेको हो । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन प्राधिकरणको सहकार्यमा त्यस्तो कार्यक्रमसम्बन्धी प्रस्ताव तयार भइरहेको छ । भूकम्पपछिको पुनःनिर्माण तथा पुनःस्थापनाको कार्य सम्पन्नताको चरणमा पुगेकामा निर्देशक समितिको बैठकले खुशी व्यक्त गरेको छ। प्रधानमन्त्री ओलीले पुनःनिर्माणको सफलता नेपालको गौरव र सम्पत्ति भएको उल्लेख गर्दै यो विश्वलाई देखाउन लायक भएको बताउनुभयो।

बैठकले विपद् व्यवस्थापनको दीर्घकालीन कार्यअन्तर्गत प्राचीन बस्ती, विश्व सम्पदा क्षेत्रसहित समग्र शहरी क्षेत्र खासगरी काठमाडौँ उपत्यकाको पुनःनिर्माण तथा पुनःस्थापनाको कामलाई समेत ध्यानमा राखी शहरी क्षेत्रको दीर्घकालीन पुनःनिर्माण कार्यक्रमको प्रस्ताव तयार पारी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत अघि बढाउने निर्णय पनि गरेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : मन चञ्चल |
| सिंह | : शत्रुको भय | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

## कोठाहरू तथा फ्ल्याट भाडामा

अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरू भाडामा छ ।
स्थान:
भैरव टोल- २, पोखरा
सम्पर्क: ९८८०३०१२९३
९८८०३०१२९२

